उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३



# संकल्प–पत्र

क्र.स.
०१

उद्योगी–व्यवसायीका
**साझा उम्मेद्वार**
## नवराज काफ्ले
अध्यक्ष उम्मेदवार

## नवराज काफ्ले नेतृत्वको
# साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं ।

उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३

नवराज काफ्ले नेतृत्वको
साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं ।

# उद्योग वाणिज्य संघ इटहरी निर्वाचन-२०८३

## सङ्कल्प-पत्र

प्रिय उद्योगी-व्यवसायी साथीहरू,

उद्योग वाणिज्य संघ कुनै पद वा चुनाव जित्ने माध्यम मात्र होइन, यो इटहरीका हजारौं उद्योगी-व्यवसायीको साझा आवाज, साझा शक्ति र भरोसाको संस्था हो । यो संस्था जति बलियो हुन्छ, व्यवसायीको आत्मविश्वास त्यति नै बलियो हुन्छ । व्यवसायी बलियो भए बजार चलायमान हुन्छ, रोजगारी सिर्जना हुन्छ र समृद्ध समाज निर्माणको आधार तयार हुन्छ ।

पछिल्ला केही वर्षमा हामी सबैले व्यवसाय गर्न झन् चुनौतीपूर्ण अवस्था भोगिरहेका छौं । आर्थिक मन्दी, घट्दो कारोबार, बढ्दो सञ्चालन खर्च, घरबहालको दबाब, कर तथा राजस्वका जटिलता, बैंकको ब्याजदर, अनियन्त्रित आयात, दक्ष जनशक्तिको अभाव र नीतिगत अस्थिरताले व्यवसायीलाई निरन्तर दबाबमा राखेको छ । यस्तो अवस्थामा उद्योग वाणिज्य संघले व्यवसायीको पक्षमा अडिग हुनुपर्ने अवस्था छ ।

हाम्रो विश्वास छ, नेतृत्वको मूल्य भाषणले होइन, परिणामले मापन हुन्छ । घोषणा-पत्रका आकर्षक शब्दले होइन, व्यवसायीको दैनिकीमा आएको सकारात्मक परिवर्तनले नेतृत्वको सफलता प्रमाणित हुन्छ । त्यसैले हामी फेरि उस्तै आश्वासन दोहोर्याउन होइन, पूरा गर्न सकिने, मापन गर्न सकिने र व्यवसायीले प्रत्यक्ष अनुभूति गर्न सक्ने प्रतिबद्धतासहित तपाईंहरूमाझ उपस्थित भएका छौं ।

व्यवसायको चलायमान र समृद्धि कल्पना गरेर, रहर गरेर अथवा कसैको आस गरेर सम्भव छैन । यसका लागि तपाईं हामीले आ-आफ्नो ठाउँबाट पहल गर्नु आवश्यक हुन्छ । समाजका हरेक अंगमा सही नेतृत्व पनि हुन जरुरी छ । तपाईं हाम्रो साझा संस्था उद्योग वाणिज्य संघ इटहरीमा पनि यस्तै सक्षम नेतृत्व चाहिएको तपाईं हामीले महसुस गरिरहेका छौं ।

हामी उद्योग वाणिज्य संघलाई केही सीमित व्यक्तिको संस्था होइन, प्रत्येक सदस्यको साझा घर बनाउनेछौं। समस्या पर्दा व्यवसायी आफैं कार्यालय धाउनुपर्ने होइन, संघ नै व्यवसायीको साथमा पुग्ने संस्कार विकास गर्नेछौं । निर्णय बन्द कोठामा होइन, सदस्यको सहभागितामा गरिनेछ । संस्थाको काम केही व्यक्तिमा सीमित रहने होइन, प्रत्येक वडा, प्रत्येक टोल र प्रत्येक व्यवसायीसम्म पुग्नेछ । पारदर्शिता, जवाफदेहिता र निरन्तर संवादलाई संस्थाको कार्यसंस्कृति बनाइनेछ ।

हामी व्यक्तिगत स्वार्थका लागि होइन, इटहरीको समग्र व्यावसायिक वातावरण सुधार गर्ने साझा अभियानका लागि तपाईंहरूको विश्वास मागिरहेका छौं । तपाईंहरूको अमूल्य मतबाट निर्वाचित हुने अवसर प्राप्त भयो भने उद्योग वाणिज्य संघलाई व्यवसायीको वास्तविक अभिभावक संस्था बनाउने दृढ संकल्प गर्दछौं ।

संघको ३३ वर्षे यात्रालाई उपलब्धिमूलक बनाउने संकल्पसहित हामी १४ बुँदे सङ्कल्प-पत्र सार्वजनिक गर्दै व्यवसायीमैत्री, पारदर्शी र परिणाममुखी नेतृत्वको प्रतिबद्धता व्यक्त गर्दछौं ।

उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३

नवराज काफ्ले नेतृत्वको
साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं।

# हाम्रो संकल्प

## १. राजस्व कार्यालयसाग समन्वय, VAT र लेखा व्यवस्थापन तालिम

व्यवसायीमैत्री कर प्रणालीका लागि आन्तरिक राजस्व कार्यालयसँग समन्वयकारी भूमिका निर्वाह गरिनेछ । व्यवसायीहरूलाई नियमित रूपमा Tax, VAT, E-billing, Accounting र कानुनी विषयमा प्रशिक्षण तथा कार्यशाला सञ्चालन गरिनेछ ।

## २. व्यवसायी सुरक्षा कोष तथा आपत्कालीन सहयोग संयन्त्र

आगलागी, चोरी, प्राकृतिक विपद् वा अन्य आकस्मिक क्षतिमा व्यवसायीलाई राहत हुनेगरी व्यवसायी सुरक्षा तथा राहत कोष स्थापना गरिनेछ । आकस्मिक घटनाबाट प्रभावित व्यवसायीलाई तत्काल सहयोग र सहजीकरण गर्न आपत्कालीन व्यवसायी सहयोग संयन्त्र स्थापना गरिनेछ । साथै, व्यवसायी र व्यावसायिक सम्पत्तिलाई बीमाको दायरामा आबद्ध गराउँदै जोखिम न्यूनीकरण र सुरक्षित व्यवसायिक वातावरण निर्माणमा विशेष पहल गरिनेछ ।

## ३. व्यापारिक हब र पर्यटनमैत्री इटहरी निर्माण

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला, एक्स्पो र लगानी सम्मेलन आयोजना गरी इटहरीलाई कोशी प्रदेशको प्रमुख व्यापारिक केन्द्र बनाइनेछ । इटहरीलाई पर्यटन र व्यापारको प्रवेशद्वार (Tourism Hub) का रूपमा स्थापित गर्न सरोकारवालासँग समन्वय गरी दीर्घकालीन कार्ययोजना तयार गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि होटल, यातायात, पर्यटन व्यवसायी र स्थानीय सरकारसँग सहकार्य गर्दै आवश्यक पूर्वाधार विकासमा स्थानीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

## ४. संघलाई पूर्ण डिजिटल

मोबाइल एप तथा अनलाइन प्रणालीबाट सदस्यता नवीकरण, सिफारिस, सेवा र सूचना उपलब्ध गराइनेछ। एपमार्फत नै व्यवसायीका सबै गुनासा र समस्यालाई सम्बोधन गरिनेछ । जसकारण प्रक्रिया थप सहज, पारदर्शी र पहुँचयोग्य हुनेछ । कुनै पनि सूचना वा प्रक्रियाको अभावमा आफ्नो अधिकारबाट कोही व्यवसायी वञ्चित हुने अवस्था रहँनेछैन । साथै, व्यवसायीलाई डिजिटल मार्केटिङ, ई-कमर्स, अनलाइन भुक्तानी र सामाजिक सञ्जालमार्फत व्यापार विस्तार गर्न प्रशिक्षण तथा आवश्यक सहयोग गरिनेछ ।

उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३

नवराज काफ्ले नेतृत्वको
**साझा समूह**
लाई अत्याधिक मतले विजयी गराऔं ।

# हाम्रो संकल्प

## ५. घरबहाल करलगायत नीतिगत समस्या समाधान

स्थानीय सरकारसँग नियमित संवाद गरी व्यवसायीमैत्री नीति निर्माणमा पहल गरिनेछ । घरबहाल करको मुद्दा पटकपटक उठेपनि व्यवसायमैत्री नीति नहुँदा हालसम्म समस्या सम्बोधन भएको छैन । घरबहाल करको समस्या सधैंका लागि अन्त्य गर्न थप नीतिगत पहल गरिनेछ ।

## ६. व्यावसायिक सुरक्षा, सडक, पार्किङ र बजार पूर्वाधार सुधार अभियान

'सुरक्षित व्यवसायी, समृद्ध व्यापार' भन्ने मूल मान्यतासहित प्रहरी, स्थानीय सरकार र सरोकारवालासँग सहकार्य गरी व्यवसायीको सुरक्षा, लगानीको संरक्षण र सुरक्षित व्यावसायिक वातावरण निर्माणलाई प्राथमिकतामा राखिनेछ । बजार तथा पार्किङ व्यवस्थापन, सडक बत्ती, सरसफाई, ऋऋटऋ तथा बजार पूर्वाधार सुधारका लागि स्थानीय सरकारसँग समन्वय गरी आवश्यक नीतिगत काम गरिनेछ ।

## ७. स्टार्टअपका लागि विशेष प्रोत्साहन र बिज फेस्ट योजना

युवा उद्यमी र स्टार्टअपलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नवीन सोच, प्रविधिमा युवा उद्यमी र स्टार्टअपलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नवीन सोच, प्रविधिमा आधारित व्यवसाय र सिर्जनशील उद्यमलाई प्रोत्साहन गर्दै आवश्यक तालिम, परामर्श, लगानीकर्तासँग समन्वय तथा बजार पहुँच विस्तारका लागि सहजीकरण गरिनेछ । स्टार्टअपका लागि बैंक तथा वित्तीय संस्था एवम् सरकारी निकायसँग ऋण साझेदारीका लागि पहल गरिनेछ । इटहरीलाई नवउद्यमीका लागि आकर्षक व्यवसायिक गन्तव्यका रूपमा विकास गर्न विशेष पहल गरिनेछ । साथै, "बिज फेस्ट" कार्यक्रम अन्तर्गत विभिन्न नवउद्यमीको व्यवसाय प्रवर्द्धन र थप सिर्जनशील कार्यक्रम गरिनेछ । नवउद्यमीलाई आफ्ना व्यावसायिक अवधारणा प्रस्तुत गर्ने, प्रतिस्पर्धात्मक बनाउने, लगानीकर्ता र विज्ञसँग जोड्ने तथा व्यवसाय विस्तारका अवसर सिर्जना गरिनेछ ।

# हाम्रो संकल्प

## ८. महिला उद्यमी सशक्तीकरण

महिला उद्यमीको नेतृत्व विकास, क्षमता अभिवृद्धि, उद्यम विस्तार तथा बजार पहुँच सुदृढीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । महिला उद्यमशीलतालाई प्रोत्साहन गर्दै नयाँ उद्यम स्थापना, वित्तीय पहुँच, सीप विकास, डिजिटल व्यापार तथा नेटवर्किङका अवसर सिर्जना गर्न विशेष पहल गरिनेछ । व्यवसायीलाई समयानुकूल सीप, प्रविधि र ज्ञानसँग जोड्न नियमित तालिम सञ्चालन गरिनेछ । डिजिटल मार्केटिङ, कर, वित्तीय तथा व्यवसाय व्यवस्थापनसम्बन्धी प्रशिक्षणका साथै नयाँ बजार र व्यापार विस्तारका अवसर सिर्जना गरिनेछ ।

## ९. "Made in Itahari" अभियान

इटहरीमा उत्पादन भएका वस्तु तथा सेवाको प्रवर्द्धन गरिनेछ । नयाँ उद्योग, व्यावसाय, सेवा तथा उत्पादनमूलक लगानी आकर्षित गर्न स्थानीय सरकारसँग समन्वय गरिनेछ । इटहरीको उत्पादन, अन्तर जिल्ला, प्रदेश र अन्तर देशसम्म प्रवर्द्धन तथा निर्यातका लागि पहल गरिनेछ ।

## १०. स्वस्फूर्त पूर्णकालीन व्यवसाय सञ्चालनको वातावरण

व्यवसायीको पेशा, व्यवसाय गर्ने अधिकारको सम्मान गर्दै अनावश्यक बजार बन्द, अवरोध तथा जबर्जस्ती बन्द गराउने प्रवृत्तिका संवाद, सहमति र सहकार्यको माध्यमबाट व्यवसायीले निर्भय, सुरक्षित र स्वस्फूर्त रुपमा व्यवसाय सञ्चालन गर्न सक्ने वातावरण निर्माणका लागि पहल गरिनेछ । साँझदेखि रातिसम्म पनि व्यवसाय सञ्चालनका लागि अनुकूल वातावरण निर्माण गरिनेछ । इटहरीको आर्थिक गतिविधिलाई साँझमै सीमित हुन नदिई व्यापारिक गतिविधि विस्तार गर्ने वातावरण निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## ११. व्यवसायीका समस्या समाधानमा सरकारको साथ

कर, प्रशासन, सुरक्षा तथा अन्य समस्यामा छिटो समाधानका लागि उद्योग वाणिज्य संघभित्र स्थायी हेल्प डेस्क स्थापना गरिनेछ । साथै, व्यवसायीका हरेक आवाजलाई स्थानीय सरकारसम्म सशक्त रुपमा पुऱ्याइनेछ । व्यवसायमैत्री नीति निर्माण, झन्झटिलो प्रशासनिक प्रक्रियालाई सरलीकरण तथा सरकारी कामकाजलाई छिटो, पारदर्शी र उत्तरदायी बनाउन संघले प्रभावकारी पैरवी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३

नवराज काफ्ले नेतृत्वको
साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं।

# हाम्रो संकल्प

## १२. स्थानीय रोजगारी, समृद्ध इटहरी

स्थानीय स्तरमा रोजगारीका अवसर अभिवृद्धि गर्न हरेक वर्ष "जब फेयर" आयोजना गरिनेछ । उद्योग-व्यवसाय र रोजगारी खोजिरहेका युवालाई जोड्दै स्थानीय रोजगारी सिर्जना र दक्ष जनशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ ।

## १३. वातावरणमैत्री, सफा र हरित इटहरी निर्माण

स्वच्छ, हरित र वातावरणमैत्री इटहरी निर्माणका लागि स्थानीय सरकार, व्यवसायी र सरोकारवालासँग सहकार्य गरिनेछ । प्लास्टिक न्यूनीकरण, फोहोरको उचित व्यवस्थापन, वृक्षारोपण, हरित सहर अभियान तथा वातावरणमैत्री व्यवसायिक अभ्यासलाई प्रोत्साहन गर्दै इटहरीलाई आकर्षक, व्यवस्थित र दिगो व्यापारिक सहरका रूपमा विकास गर्न पहल गरिनेछ ।

## १४. वाचा पूरा गर्ने संस्कार

हामी घोषणा गरेर बिर्सिने होइन, हरेक प्रतिबद्धताको प्रगति सार्वजनिक गर्दै कामको आधारमा मूल्याङ्कन हुन तयार रहनेछौं ।

**पहिलो ३० दिन** : व्यवसायी सहायता डेस्क सञ्चालन गरिनेछ ।

**पहिलो ६० दिन** : डिजिटल सेवा सुरु गरिनेछ ।

**पहिलो १०० दिन** : घरबहाल कर, बैंकिङ र बजार व्यवस्थापनबारे सरोकारवालासँग उच्चस्तरीय संवाद र कार्ययोजना सार्वजनिक गरिनेछ ।

नवराज काफ्ले नेतृत्वको
# साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं ।

नवराज काफ्ले नेतृत्वको
साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं ।



क्र.स. ०१

# नवराज काफ्ले

अध्यक्ष उम्मेदवार

## सम्पर्क

9852045154
mail2nabraj@gmail.com

## शिक्षा: स्नातक

## संचालक

- प्रवन्ध निर्देशक, पशुपती लाइभस्टक
- प्रवन्ध निर्देशक, पशुपती इट्टा उद्योग
- प्रवन्ध निर्देशक, पशुपती टेड्र एण्ड सप्लायर्स
- प्रवन्ध निर्देशक, पशुपती होटल

## आबद्धता

- पुर्व कार्यसमिति सदस्य, इटहरी उद्योग वाणिज्य संघ
- कोषाध्यक्ष, इटहरी उद्योग वाणिज्य संघ भवन निर्माण समिति
- यशस्कर सदस्य, नेपाल रेडक्रस सोसाइटि, इटहरी
- पुर्व अध्यक्ष, लायन्स क्लब अफ इटहरी सिटि (2019-20)
- पुर्व अध्यक्ष, लियो क्लब अफ इटहरी सुनसरी (2000-01)
- पुर्व अध्यक्ष, युथ क्लब इटहरी
- पुर्व सदस्य, इटहरी जेसीज
- अध्यक्ष, काफ्ले समाज सुनसरी
- सदस्य, काफ्ले समाज केन्द्रिय कार्यसमिति

उद्योग वाणिज्य संघ, इटहरी
निर्वाचन २०८३

नवराज काफ्ले नेतृत्वको
# साझा समूह
लाई अत्याधिक मतले विजयी गराऔं ।

क्र.स. ०१



उद्योगी–व्यवसायीका
साझा उम्मेद्वार
## नवराज काफ्ले
अध्यक्ष उम्मेदवार
उद्योग वाणिज्य संघ इटहरी

### महिला सदस्य पदका उम्मेद्वार

क्र.स. ०१

मिना ढकाल आचार्य

क्र.स. ०२

लिला कुमारी राई

### एसोसिएट सदस्य पदका उम्मेद्वार

क्र.स. ०१

विनोद पौडेल

### वस्तुगत सदस्य पदका उम्मेद्वार

क्र.स. ०१

संयोग पराजुली

### वाणिज्य सदस्य पदका उम्मेद्वार

क्र.स. ०१

बल बहादुर न्यौपाने

क्र.स. ०२

सन्नी चौधरी

क्र.स. ०३

दिनेश प्रसाद धमला

क्र.स. ०४

संजय शाह

क्र.स. ०५

संजिव खड्का

क्र.स. ०६

जिवन कुमार न्यौपाने

क्र.स. ०७

महेश थापा

क्र.स. ०८

बलराम बस्नेत

क्र.स. ०९

सिनेट रिजाल

### उद्योग सदस्य पदका उम्मेद्वार

क्र.स. ०१

शिवप्रसाद भट्टराई

क्र.स. ०२

अभिषेक बस्नेत

क्र.स. ०३

किसन कुमार खेडिया

क्र.स. ०४

हरिप्रसाद तिम्सिना